# उन्नत गाई आयातमा ढुवानी अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९

स्वीकृत मितिः२०७९/०६/३१

**प्रस्तावना:** गाईको नश्ल सुधार गरी दूध तथा दुग्धजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्न मन्त्रालयले "**उन्नत गाई आयातमा ढुवानी अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९**" बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस प्रक्रियाको नाम "**उन्नत गाई ढुवानी कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९** " हुनेछ।

(२) यो प्रक्रिया मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्रक्रियामा,-

(क) "**गाई**" भन्नाले गाईको नश्ल सुधारका लागि बाह्य मुलुकबाट आयात गरिएको उन्नत नश्लको गाई सम्झनु पर्छ।

(ख) "**प्रक्रिया**" भन्नाले उन्नत गाई ढुवानी अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ सम्झनु पर्छ।

(ग) "**बोर्ड**" भन्नाले प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "**मन्त्रालय**" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "**साझेदार संस्था**" भन्नाले कार्यक्रम संञ्चालन गर्न छनौट भएका सहकारी संस्था/समूह/निजी फार्म सम्झनु पर्छ।

३. **कार्यक्रम सञ्चालन प्रकृया:** कार्यक्रम बागमती प्रदेशका सबै जिल्लामा देहायनुसार लागू हुनेछ।

| क.स. | कार्यक्रम विवरण | कार्यक्रम संचालन हुने जिल्ला | इकाई | अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| १ | उन्नत गाई आयातमा ढुवानी अनुदान कार्यक्रम | बागमती प्रदेशका सबै जिल्ला | संख्या | हवाई आयात गर्दा ढुवानी बापत प्रति गाई बढीमा रु. १ लाख | |

४. **सूचना प्रकाशन:** बोर्डले राष्ट्रिय दैनिक पत्रिकामा गाई आयात गर्न चाहने सहकारी संस्था/समूह/निजी फार्मको लागि चालु आर्थिक वर्ष भित्र जुनसुकै समयमा आवेदन दिन सक्ने गरी अनुसूचि-१ बमोजिमको सूचना प्रकाशन गर्नेछ ।

५. <u>आवेदन पेश गर्ने:</u> (१) गाई ढुवानी गर्न इच्छुक सहकारी संस्था/समूह/निजी फार्मले सूचना बमोजिमका कागजात सहित बोर्ड वा बोर्डले तोकेको कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

(२) आवेदकले गाई आयात गर्ने देशको नाम स्पष्ट रुपमा खुलाई **Performance Invoice**, गाई आयातको लागि प्रचलित कानून अनुसार अपनाउनु पर्ने सम्पूर्ण प्रक्रिया पुरा गरेको प्रमाण सहित आवेदन पेश गर्नु पर्नेछ।

(३) आवेदकले गाई आयात गर्ने देश, गाईको संख्या, जात, खरिद रकम तथा ढुवानी रकम सम्बन्धी विवरण पेश गर्नु पर्नेछ ।

६. <u>सम्झौता:</u> बोर्डले आवेदकहरूले पेश गरेको प्रस्तावहरुको जाँचबुझ गरी कार्यक्रम कार्यान्वयनको लागि उपयुक्त आवेदकको छनौट गरी सम्झौता गर्नेछ।

७. <u>आर्थिक पक्षः</u> साझेदार संस्थाले गाई आयात गरको देश, गाईको संख्या, जात, गाई खरिद गरेको प्रमाण, गाईको हवाई ढुवानीको टिकट/ विल, बैक कारोबारको प्रतिलिपी, तथा सम्झौता अनुसारको कागजात सहित भुक्तानीको लागि निवेदन दिए पश्चात बोर्डले पेश भएको कागजातको आवश्यक जाँचबुझ गरी सम्झौता बमोजिम रकम भुक्तानी दिने छ।

८. <u>अनुगमन तथा मूल्याङ्कनः</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र प्रदेश दुग्ध विकास बोर्डले गर्नेछ ।

९. <u>संशोधन</u>: यो प्रक्रिया कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

**अनुसूचि -१**

**(दफा ४ सँग सम्बन्धित)**

**<u>प्रस्ताव आव्हान सम्बन्धी सूचना</u>**

**प्रथम पटक प्रकाशित मितिः**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा अन्तर्गत प्रदेश दुग्ध विकास बोर्डको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "**<u>उन्नत गाई आयातमा ढुवानी अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९</u>**" अनुसार उन्नत गाई आयात गर्न इच्छुक बागमती प्रदेशका सहकारी संस्था/ समूह/निजी फार्मले चालु आर्थिक वर्ष भित्र प्रदेश दुग्ध विकास बोर्ड अथवा सम्बन्धित जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा देहाय बमोजिमका कागजात सहित आवेदन दर्ता गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका आवेदनहरु छनौटका लागि समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरणः</u>

१. रु. १०।– को हुलाक टिकट टाँस गरिएको अनुसूची-२ बमोजिमको आवेदन-पत्र,
२. फार्म/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. संस्था नविकरण प्रमाण-पत्रको प्रतिलिपि,
४. PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
६. समुह/सहकारी संस्थाक हकमा कार्यक्रममा सहभागिता सम्बन्धी निर्णयको प्रतिलिपि।

अनुसूचि -२

(दफा ५ सँग सम्बन्धित)

<u>आवेदन -पत्र</u>

मितिः

श्रीमान् निर्देशकज्यू,
प्रदेश दुग्ध विकास बोर्ड,
....................... ।

विषयः गाई आयातमा ढुवानी अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा यस प्रदेश दुग्ध विकास बोर्डको स्वीकृत वार्षिक कार्यक्रम **"उन्नत गाई आयातमा ढुवानी अनुदान कार्यक्रम"** कार्यान्वयनको लागि मिति ..................... मा .....................पत्रिकामा प्रकाशित सूचना अनुसार गाई आयातमा ढुवानी अनुदान कार्यक्रममा सहभागी हुन आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु ।

<u>आवेदक</u>

दस्तखतः
नामः
साझेदारको नामः
पदः
सम्पर्क नम्बरः
साझेदारको छापः